आज मिति २०८२ मंसिर २ गते मंगलबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा आ व २०८२/८३ को ७ औ कार्यपालिका बैठक बस्यो ।

बैठक नं: 6

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय वहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी वोटे | सदस्य | |
| २८ | श्री अशोक कोइराला | सदस्य सचिव | |

CamScanner

विशेष आमन्त्रित

[illegible]

देवचुली नगरपालिकाको आ.व. २०८२/०८३ को सातौं कार्यपालिका बैठक २०८२ मंसिर २ गते मंगलबार।

छलफलका विषयहरु:

१. विपन्न नागरिक आवास सम्बन्धमा।
२. नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा।
३. वन, वातावरण तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भइआएका निर्णय सिफारिस सम्बन्धमा।
४. अल्पकालिन फोहरमैला व्यवस्थापन केन्द्र व्यवस्थित गरी ग्याब थप गर्ने सम्बन्धमा।
५. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन IEE गर्ने सम्बन्धमा।
६. स्यानिटरि प्याड खरिद सम्बन्धमा।
७. दुम्कौली स्थित देवचुली नगर अस्पताल परिसरको पुरानो भवन भत्काउने सम्बन्धमा।
८. नगर कार्यपालिका बैठक तथा अन्तरक्रिया सम्बन्धमा।
९. वडा नं. १६, रजहरको जग्गा प्राप्ति तथा उपयोग सम्बन्धमा।
१०. विविध।

देवचुली नगरपालिकाको आ.व. २०८२/०८३ को सातौं कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्वसम्मत रुपमा गरियो।

१. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) अन्तर्गत देवचुली नगरपालिकाका विपन्न नागरिकको आवास निर्माण गर्न प्राप्त रकम रु ६५ लाख बाट प्रत्येक वडामा १/१ वटा आवास निर्माण गर्नका लागी तयार गरिएको प्राविधिक लागत अनुमान बमोजिम उक्त बजेटमध्ये नपुग रकम रु.५५ लाख ६३ हजार ६१५ रुपैयाँ ९० पैसा समपुरक कोषबाट समपुरण गर्ने निर्णय गरियो।

२. बीनायी खोला अन्तर्गत IEE ले स्वीकृत परिमाण मध्ये देवचुली नगरपालिका वडा नं. १३ स्थित वडा कार्यालय नजिक सुपारी बगैंचाको (सञ्चित गरिएको) नदीजन्य पदार्थ विद्युतीय बोलपत्र मार्फत ठेक्का लगाउदा ठेक्कामा नआएकोले उक्त नदीजन्य पदार्थलाई बोलपत्र गर्दा लागेको प्रति घन फिट रु. ३।९६ र न्यूनतम राजस्व रु. ९।०० गरी जम्मा हुन आउने रु. १२।९६ लाई न्यूनतम दर कायम गरी देवचुली नगरपालिका विकास योजनाहरुमा प्रयोग गर्ने निर्णय गरियो।

३. वन, वातावरण तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भइआएका निर्णय सिफारिस अनुमोदन गर्ने निर्णय गरियो।

(क) निजी जग्गा खेतीयोग्य बनाउनका लागि निवेदन पेश भएकोमा कार्यालयबाट स्थलगत अनुगमन गरी सो क्रममा उत्खनन् हुने ढुंगा, माटो बाहिर निकासी तथा बिक्री वितरण नगर्ने शर्तमा कार्यालय स्तरीय निर्णयबाट अनुमति दिइएका तपसिल बमोजिमका जग्गाधनीको जग्गा व्यवस्थापन कार्य,

तपसिल

| सि.नं. | जग्गा धनीको नाम | वडा नं. | कित्ता नं. | |
|---|---|---|---|---|
| १ | उषा बाहधरे, खड्गबहादुर गाहा मगर, कृष्ण बहादुर आले | ०६ | सा,वेबचुली ५ कि,नं, २ र ३ | |
| २ | पवित्रा न्यौपाने | ०५ | सा,प्रगतिनगर ८ /क कि नं ६७९,६७७ | |
| ३ | लिलामाया सुंगेली | ०८ | सा, प्रगतिनगर ९ /क कि नं २०१ | |
| ४ | अजित कुमार शर्मा | ०९ | सा,वेबचुली १/क कि नं१४७६ | |
| ५ | रोहित सोती | ०८ | सा ,प्रगतिनगर ९ /क कि नं ३१४, | |
| ६ | सुमित्रा सापकोटा | ०९ | सा वेबचुली १/क कि नं१४८१ | |
| ७ | शुकमाया तामाङ | ०९ | सा प्रगतिनगर ९ /ग कि नं३३६ | |
| ८ | बसन्ती बराल | ०९ | सा वेबचुली १/क कि नं १४८० | |
| ९ | मोहनलाल गौतमी | ११ | सा, प्रगतिनगर ५ /क कि नं३२७ | |
| १० | बुलुक शर्मा चापागाईं | ०५ | सा शिशवार ८ /ख कि नं ११७९ र ६१६ | |
| १२ | टुका कुमारी सुवाल | ०५ | सा शिशवार ८ /ख कि नं ६४४ | |

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १३ | देव नारायण गुरुङ |  | सा प्रगतिनगर ६ क कि नं ३००९ |  |
| १४ | रुद्र प्रसाद सुवदी | ०७ | सा प्रगतिनगर ८ /क कि नं ६७३,६७२,७१७ |  |
| १५ | एक प्रसाद सुवेदी | ०७ | सा प्रगतिनगर ८ /क २५० |  |

(ख) यस अघि जग्गा व्यवस्थापन अनुमति लिएका तथा निर्माण कार्यका बखत स्टक रहेका तपसिलका स्टकहरु प्रमाणित गरी तोकिएको राजस्व लिइ कार्यालय स्तरीय निर्णयबाट निकासीका लागि दिइएको ईजाजत दिने,

तपसिल

| सि.नं. | ठेगाना | परिमाण (घ.मी.) | अनुमति प्रदान गरिएको फर्म/कम्पनी | कैफियत |
|---|---|---|---|---|
| १. | देवचुली -०५ कदमपुर, सा सिसवार ८/क कि.नं. ६७३ | १०५ (ढुंगा) | टु गाईज कन्स्ट्रक्सन प्रा.ली. |  |
| २. | देवचुली १३ कैलाश चोक पूर्व | ४५ | दिवा इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.ली. | गत आ.वा मा निर्माण कार्य गर्दा नाला बाट संकलित माटो |

(ग) आ.व. २०८२/०८३ मा खेतीयोग्य जग्गा निर्माण गरी जग्गा व्यवस्थापन कार्यको लागि अनुमति माग भै आएकोमा देहायका जग्गाधनीहरुबाट IEE प्रतिवेदन तयार गरी कार्यपालिकामा प्रस्ताव पेश गर्ने उक्त प्रस्ताव स्वीकृत भए पश्चात् आवश्यक शुल्क लिई ईजाजत दिने,

तपसिल

| सि.नं. | जग्गाधनीको नाम | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | लाल बहादुर सारु | ५ | सा. सिसवार ८ /क, कि.नं ५६५,५७० | ०-२-१४ , ०-३-६ |
| २ | छविलाल सारु | ५ | सा. सिसवार ८ /क, कि. नं. ५६७ | ०-२-१४ |

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

[illegible]प्रसाद न्यौपाने
नगर प्रमुख

CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ३ | मान बहादुर सारु | ५ | सा. सिसवार ८ /क, कि नं ५६६,५६८ | ०-२-१४,०-२-१४ |
| ४ | जित बहादुर वि.क | ५ | सा. सिसवार ८ /ख ,कि नं ४२७,४३१ | ०-०-११.२५,०-०३.७५ |
| ५ | श्री वीर सिं मगर | ५ | सा. सिसवार ८ /ख ,कि नं ७१८ | ०-१०-११.७५ |
| ६ | भिम बहादुर घर्ती | ५ | सा. सिसवार ८ /क ,कि नं १२८६ | ०-५-१९ |
| ७ | तुल बहादुर सिंजाली मगर र होम बहादुर ठाडा मगर | ५ | सा. सिसवार ८ /क ,कि नं ८९२ | ०-५-० |
| ८ | दुर्गा प्रसाद अधिकारी | ५ | सा. सिसवार ८ /क ,कि नं ९९५ | ०-८-१८-०.५ |
| ९ | तिलि सरा ढेंगा मगर | ५ | सा. सिसवार ८ /क ,कि नं ६९० | ०-१-१५-० |
| १० | लोक बहादुर ढेंगा मगर ,दुर्गा बहादुर ढेंगा मगर र खिन कुमारी ढेंगा मगर | ५ | ४५५ | १-१-४-०.५ |
| ११ | वाल कुमारी कानु मगर | ५ | सा. सिसवार ८ /क ,कि नं ६९० | ०-१६-२.५-० |
| १२ | अमर सिं वराल | ६ | सा. पिठौली ६ /क कि नं २७१ | ०-४-१७.२५ |
| १३ | धन बहादुर वराल मगर | ६ | सा. पिठौली ६ /क कि नं २७३ | ०-४-१७.५ |
| १४ | डिल्लीराम वराल | ६ | सा. पिठौली ६ /क कि नं २७२ | ०-४-१७.२५ |
| १५ | जस माया गाहा मगर | ६ | सा. देवचुली ५ कि नं ३७१ | ०-१३-३ |
| १६ | ओमराज अधिकारी | ८ | सा. देवचुली १ क कि नं ८७ | ०-१०-० |

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

(घ) देवचुली वडा नं. १० बस्ने दिवाकर पौडेलको नाममा दर्ता कायम रहेको साविक प्रगतिनगर ३ ग कि. नं. १२०३ क्षेत्रफल ०-१-७ को जग्गा सम्याउने बिराउने क्रममा बढी हुने ६० घ.मी. माटो बराबरको राजस्व लिई इजाजत दिइएकोमा सो कार्यको अनुमोदन गर्ने।

(ङ) बौलाहा खोला बाढी नियन्त्रणको लागि देवचुली -०१ स्थित संयोग होटल नजिक ठुलो आकारको ढुंगा बिच्छ्याउने कार्यको मुल्यांकन बमोजिमको रकम रु ५०,४००।०० नगर विपद ब्यबस्थापन कोषबाट खर्च ब्यबस्थापन हुने गरी टु गाईज कन्स्ट्रक्सन प्रा.लि.को नाममा भुक्तानी दिने।

(च) देवचुली वडा नं.१३ मिलिजुली टोल बिकास संस्था अन्तर्गत बोटे टोल निवासी वेद बहादुर बोटको किराना पसलमा मिति २०८२/०६/१३ गते आगलागी भई सरसामान नष्ट भएकाले राहात स्वरूप रु. २०,०००।०० उपलब्ध गराउने।

(छ) देवचुली-०६ कुमसोत बस्ने श्री कुल बहादुर गाहाको बारीमा लगाएको केरा खेतीमा मिति २०८२/०६/१७ र १८ गतेको अविरल वर्षाले क्षति पुऱ्याएकोले राहत स्वरूप रु. ३०,०००।०० उपलब्ध गराउने।

(ज) वडा नं. ९ स्थित दुर्गा भुसालको घरदेखि पश्चिमतर्फको बाटोमा वर्षात्का कारण खाल्डा खुल्डी परेको र उक्त खाल्डा खुल्डी पुर्ने कार्यका लागि ग्रावेल व्यवस्थापन गर्न रु ३२,०००।०० रकम उपलब्ध गराउने।

४. देवचुली-२, पुनर्वास बस्ती स्थित अल्पकालिन फोहरमैला व्यवस्थापन स्थल अन्तर्गत हालसम्म ल्यान्डफिल भएको राजमार्ग तर्फको क्षेत्र अतिक्रमण हुनबाट रोक्न नापजाँच तथा प्राविधिक लागत अनुमान तयार गरी नगरपालिकाको सार्वजनिक जग्गा संरक्षण कार्यका लागि तारबार गर्ने र मुकुण्डे खोला किनारतर्फको स्थानमा तटबन्ध कार्य गरी उक्त क्षेत्रमा रहेको खाडल नियन्त्रित रुपमा मेशिनको प्रयोग गरी लेभल मिलाई हाल ल्यान्डफिल मोडलमै फोहरमैला व्यवस्थापन गर्ने र दीर्घकालिन फोहरमैला व्यवस्थापन केन्द्रका लागि जग्गा प्रासिको कार्य यथासक्य छिटो टुंगोमा पुऱ्याउन विशेष पहल गर्ने र सो अवधिसम्मका पुनर्वासमै फोहरमैला व्यवस्थापनका लागि श्री कालिका सप्लायर्सबाट म्याद थपका लागि प्राप्त निवेदनका आधारमा मिति २०८२ पुस मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

५. वौलाहा खोलाको १२ र ५ जोड्ने पुल माथीको रामवास खण्ड वडा नं. ७ र तलको सितावास खण्ड साथै वडा नं ६ स्थित मृतुङ खोला र बौलाहाखोला बिचमा भएको नदिजन्य पदार्थको वातावरणमैत्री तवरले उत्खनन् संकलन गर्ने प्रयोजनार्थ प्रारम्भिक वातावरणीय प्रतिवेदन निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो।

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

६. विद्यालयका छात्राहरूको लागि आवश्यक पर्ने सेनेटरी प्याडका सम्वन्धमा सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले अनुसूची-१ मा स्यानीटरी प्याडको न्यूनतम मापदण्ड तोकेकोमा विद्यार्थी तथा विद्यालयहरुको माग अनुसार सो कार्यविधि अनुसारको न्युनतम मापदण्डमा नघट्ने गरी आवश्यक संसोधन सहित तपसिल अनुसारको Technical Specification कायम गर्ने र सो Specification अनुसारको खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो।

**Technical Specification of Sanitary pad**

| S.N. | Purchaser's Technical Specifications |
|---|---|
| | **Type: Medium Size ultra –premium cotton sanitary pad (trifold)** |
| | **Description of Function** |
| 1 | **Type and Physical Finishing:** Regular with wing, napkin with uniform thickness throughout without any distortion. The sanitary napkins shall have a soft feel and when worn shall not chafe or give any uncomfortable feeling. They shall be Free from all sorts of foreign matter. |
| 2 | Raw materials permitted:<br>a. **Absorbent filter**: plant-based raw materials such as wood pulp, cellulose pulp, bamboo fiber, banana fiber and corn which have natural sterilization effects, tissue paper, paper cotton, shall be free from lumps, oil spots, dirt or foreign material.<br>b. **Covering**: The covering of the absorbent filter shall be of a good quality cotton or rayon knitted sleeving, gauge or non-woven fabric with sufficient porosity to permit the assembled pad to meet absorbency requirements. |
| 3 | Size: size including minimum **(290 ±10)** mm length and 60 to 75 mm width) |
| 4 | **Absorbency**: The sanitary pad shall absorb at least 45 - 50 ml of colored distilled water and it shall not show leakage at the bottom or sides of sanitary napkin. |
| 5 | **Disposability:** Disposable pad with the covering remove, shall be immersed in 15 liters of water and stirred. The pad shall disintegrate in the water in not more than 5 minutes |
| 6 | **Color:** The Product shall be in white color and shall be almost odor less. |
| 7 | **PH VALUE:** free from acid and alkali, PH of absorbent material shall be 6-8.5(tested as per the method given in Indian standard 1390) |
| 8 | **Hygiene Testing Requirement:** Total viable Count (total number of bacteria and fungi) shall be not more than 1000 cfu/gm and absence of staphylococcus aureus in accordance with IS 5887(part 2) |

CamScanner

| | |
|---|---|
| 9 | **The Manufacturer shall declare that all the Ingredient's used in the product are safe for human use based on its known toxicological characteristics at intended use.** |
| 10 | **Packaging Type:** at 90% compostable pack, Protecting package to product |
| 11. | **Packaging size:** Minimum 8 pads per pack |
| 12 | **Biodegradability or Composability Requirements:** At least 90% degrade within 6 months (testing is performed and conformed from recognized and approved laboratory) |
| 13. | **Others:** Acceptable to sanitary Napkin Vending Machine (Size length **(290 ±10)** mm) each packet Must be endorsed on Level ("नेपाल सरकार द्वारा नि शुल्क वितरण को लागि "other requirements as per the Provision of Ministry of Education, Science and Technology: |

७. देवचुली नगर अस्पताल परिसर स्थित साविक दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रको मिति २०३६ सालमा निर्मित पुरानो भवन अति जिर्ण भएको, ठाउँ ठाउँमा चर्किएको र हाल प्रयोग गर्न नमिल्ने अवस्थामा रहेको साथै नयाँ भवनबाट सेवा सञ्चालन गर्नका लागि बिरामी तथा एम्बुलेन्स आवतजावतमा समस्या पर्ने देखिएकोले प्राविधिक लागत अनुमानका आधारमा नियम अनुसार भत्काउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

८. देवचुली नगर कार्यपालिकाको आगामी बैठक मिति २०८२ साल मंसिर ११ गते बिहिवारका दिन देवचुली -६ दर्बाजुरे (देवचुली डाडाँको फेदी) मा संचालन गर्ने र उक्त अवसरमा देवचुली डाडाँको पर्यापर्यटन विकासको संभावना र चुनौतीको पहिचान एवम् दिगो समाधानका उपायहरु पहिल्याउने सन्दर्भमा सरोकारवालाहरुको उपस्थितिमा बृहत अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने निर्णय गरियो।

९. देवचुली नगरपालिका वडा नं. १६ स्थित उत्तर वडा कार्यालय देखि मुकुण्डे खोला सम्मको भित्री पिच बाटो, दक्षिण देवचुली आ.वि. देखि पुरानो कृषि विकास बैंक जाने भित्री पिच बाटो, पूर्व रजहर चोक देखि प्राकृतिक चिकित्सालय जाने भित्री पिच बाटो र पश्चिम रजहर चोक देखि पुरानो कृषि विकास बैंक जाने भित्री पिच बाटो सीमाना रहेको चार किल्ला भित्रको करिब ५ कठ्ठा क्षेत्रफल रहेको जग्गा नगरसभा हल एवम् विषयगत शाखा (कृषि विकास, पशु सेवा लगायत) निर्माणको लागि उपयोग गर्न देवचुली नगरपालिकालाई उपलब्ध गराउने प्रक्रिया अगाडी बढाउन जिल्ला प्रशासन कार्यालय कावासोती र मालपोत कार्यालय कावासोतीलाई अनुरोध गर्ने निर्णय गरियो।

१०. विविध;

(क) वडा नं. १३ स्थित भानु मार्ग पश्चिम सडक स्तरउन्नतिका लागी २०८१/०८/२५ गते साना पूर्वाधार मर्मत् शीर्षकबाट रु. २ लाख ५० हजार बजेट व्यवस्था भएको, कुन्ती मार्ग स्तरउन्नति रु. ५ लाख, भानु मार्ग स्तरउन्नति थप रु. २ लाख गरी कुल रु. ९ लाख ५० हजार बजेटबाट बरचुली इन्जिनियरिङ प्रा.लि.लाई कार्य गर्ने कायदिश दिई कार्य सम्पन्न पश्चात् भुक्तानीका लागी पेश भएकोमा आर्थिक प्रशासन शाखाबाट साना पूर्वाधार मर्मत् शीर्षकमा बजेट नभएको कारण भुक्तानी गर्न नसकिने राय पेश भएकोंले उक्त कार्यको भुक्तानी गत वर्षको भुक्तानी दिन बाँकी रकमबाट भुक्तानी गर्न आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो।

(ख) वडा नं. ५ मौलाथुम्की स्थित नखानेपानी खोल्सीमा खानेपानी स्रोत संरक्षण तथा पुनर्भरण पोखरी निर्माणका लागि समुदायको माग गरेकोमा वास नमूना गाँउ परियोजना सँग साझेदारीमा निर्माण गर्नका लागि प्राविधिक लागत अनुमान बमोजिम रु. ७ लाख ३९ हजार ७७८।२५ मध्ये रु २ लाख ९२ हजार ७०४।९५ पैसा नगरपालिकाको समपुरक कोषबाट समपुरण गर्ने निर्णय गरियो।

(ग) देवचुली-१२ बस्ने शारीरिक अपाङ्गता भएका दिप वाग्लेबाट स्नातक तह अध्ययनका लागि छात्रवृत्ति तथा दृष्टि बिहीन मनोज भूर्तेल र युवराज भूर्तेल बाट स्क्रिन रिडिङ ल्यापटप माग भइआएकोमा अपाङ्गता परिचयपत्र वितरण तथा अन्य काम गर्न गठित स्थानीय समन्वय समितिको मिति २०८२/०७/२५ गते बसेको बैठकबाट ब.शी.नं. ६५ अपाङ्ग सहायता र आइ.सि.टि. सामग्री खरिद शीर्षकको सीमाभित्र रही सहयोग उपलब्ध गराउन सिफारिस भएकोले सोही बमोजिम गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित
२०८२/०८/०२

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत